# अनुभुतिका लहरहरु:



निलन कुमार थेच्वमि

## मेरो कलमले कोरेका धर्साहरु........

कोर्न मन नलगाई नलगाई कोरीरहेको छु मेरो यी जीन्दगीका धर्साहरु जसको अन्त्यस्तिको कुनै निश्चित विन्दुनै छैन् । दु:ख लाग्छ कहिलेकाहि यो निरलज नाङ्गो कलम देखि, जसले आफूलाई नङ्गयाई विभिन्न व्यक्तिहरुमाझ गएर नाच्न थाल्छ । अनि आरुनो अतितलाई सम्झी, जीवनका शुख दु:खलाई एउटा सेतो कागजको पन्नामा कोर्न पुग्दछ । यी मेरा कलमका धर्साहरु आज कसैको जीन्दगीको प्रेमलिला कोर्नमा तल्लिन देखिन्थ्यो त कसैको जीन्दगीमा जीवन र मृत्यूसंग लुकामारी खेलिरहेको देखिन्थ्यो त कसैलाई आँखाको ज्योति त कसैलाई हिड्ने पथ र गोरेटाहरु देखाईरहेको छ जस्तो लाग्छ । कति महान छ यो कलम अनि कति सहनशीलता छ यसमा जसले समाएर चलाए पनि चल्ने... नाई भन्न नजान्ने । कति उद्वार भावना छ यो कलममा, जसले दुई जीन्दगी र आत्माको मिलनलाई साँघु बनेर जोडिदिएको छ । कति निश्चल छ यसको स्वभाव जुनमा पोखेपनि हुंदैन भन्न नजान्ने यसको मोह अनि यसको प्रेम ....म लेख्दालेख्दै दङ्ग पर्छु यो कलमको सहयोगी भावना र मान्छे प्रतिको आभाष देखेर ।

कयौं मान्छेहरुले यसलाई समाएर संसारमा उच्च नाउँ कहलाउँन सक्षम भएका छन् । कयौं व्यक्तिहरु यसका गलत प्रयोगका धर्साहरुले एक संघर्षशील जिन्दगीलाई माटोमा मिलाउँन बाध्य भएका छन् । वास्तवमा यस पृथ्वीलोकमा मान्छे हैन् एक नाङ्गो कलम महान भएको छ । जसले न लुगा नै लाएको छ न जुत्ता नै । बरु आरुनो जिउको भएभरको रातो, नीलो, कालो हरीयो विभिन्न रंङ्गको रगतले एक निर्दोष कागजमा ताल बेतालसंग कोरेर आरुनो शरिरको आहुति दिएर कसैको जीन्दगीलाई संसारमा उच्च र धुर्वतारा झै अटल राख्न तमतयार रहन्छ । न यो धेरैबेर कसैको खल्टीमा कोचिरहन मन गर्छ । साँचै यो कलमको जीन्दगी देख्दा लाग्थ्यो हाम्रो नेपाल पनि एक कलमै कलमको देश भैदिएको भए हुन्थ्यो । जुन देशका जनताहरुको भावना स्वच्छ, बलिदानको भावनाले भरिपूर्ण, निश्चल सहनशीलता बोकेको, नीलो गगन झै शान्तिप्रिय, रंगी वीरंगी गुणहरुले सजिएको धन-सम्पती, लोभ-मोह कुर्सी त्यागी एक कोरा कागजको लागि आरुनो सम्पूर्ण रगत आहुति दिन तयार हुने महान कलमहरुको देश भैदिएको भए हुन्छ जस्तो लाग्छ । अनि सोच्छु, यसले देशलाई द्वण्ड, हत्या, हिंसाबाट सधै टाढा राखिन्थ्यो होला । हुन पनि मेरो देश विभिन्न कलमहरुको देश भैदिएको भए, पकै मेरो देशका जनताले आजको यो स्थितिलाई समाना गर्नु पर्ने थिएन होला । जहाँ हत्या, हिंसा र त्रासडपूर्ण वातावरणमा हरेक समयको पलपल घडीमा एक जिवान्त लास सरी आरुनो जीन्दगीलाई जीवन र मृत्यूसंग लडिरहनु पर्दैन् थियो होला । तर.... हामी अभागी छौं ।

हुन्पनि कलमहरुमा पनि विभिन्न थरिकका भेटीन सकिन्छ । कुनै कुनै सररररररर लेखिने त कुनै-कुनै कोर्दै नकोरिने, अझ कुनै-कुनै कोर्दा कोर्दै विचैमा साहस रोकेर विलिन भएर जाने । तर मेरो कलमलाई म यसरी विचैमा विलिन हुन् दिन्न । म विश्वास दिलाउँछु मेरो कलमले कोरेका धर्साहरुले कसैको जीवनलाई काँडा नै काँडाभएको पथमा पुऱ्याउँने छैन्न । तर....वास्तवमा गल्ति विचारहरु एक सृजनशील मानवको मष्टिस्कबाट

सृजनात्मक रुपमा उत्पन्न हुने हुनाले म मेरो स्वाभिमानी, बलिदानी कलमलाई दोष दिन सक्दिन् । यो सहयोगी, उद्धारवादी निरलज भएपनि यसको महानता सम्पूर्ण मानवहरुले पाउँन सकिन्छ । तर मान्छेले सृजनाको नाउँमा यसलाई गलत धाराणामा गलत तरिकाबाट कोरिने धर्साहरु, अज्ञानी व्यक्तिको सुनौलो विचारधाराहरु गलत हुन सकिन्छ तर कलम र कलमका धर्साहरु कहिले गलत हुन सक्दैन् । कलम जहिले निश्चल स्वाभिमानी, सहयोगी, सहनशीलता र बलिदानयुक्त गुणहरुले परिपूर्ण हुन्छ ।

यदि यो संसारमा कलमको उद्धार भावना नभैदिएको भए कसरी बन्यो होला विश्व विख्यात कृतिहरु बाईबल, खुरान, रामायण, महाभारत, सुगत सौरभ, अरहत नन्द, मुनामदन, आमा, रोमियो एण्ड जुलियट र यस्तौ लाखौ विश्व विख्यात कृतिहरु....? हो यसले जस्तोसुकै स्थितिमा जुनसुकै क्षेत्रमा पनि त्यतिकै योगदान र बलिदान दिएको हुन्छ जसले यो संसारलाई एक जिवान्त राखिरन मद्दत गरेको छ । आज यहि नाङ्गो कलम नभैदिएको भए सायद हामी पनि रहने थिएन् होला । अनि यो संसारपनि रहने थिएन् होला । हो कलमले हरेक मान्छेको ढुकढुकीसंग सम्बन्ध गाँसेको हुन्छ । जहाँ तपाई हाँस्नुहुन्छ त्यहाँ कलमले कोरेको हुन्छ । जहाँ तपाई रुनु हुन्छ त्यहाँ पनि कलमले कोरेकै हुन्छ । जहाँ तपाई बस्नु हुन्छ त्यहाँपनि कलमले कोरेकै हुन्छ । तपाईको हरेक पक्ष, हरेक पाईला-पाईलाहरुमा, हरेक साहसहरुमा गाँस, बास र कपासहरुमा कलमले आरुनो जिन्दगीको आहुति र बलिदान दिएको हुन्छ । तर मान्छेले ती कलमका धर्साहरु देखेको हुँदैन् चिनेको हुँदैन् । ती धर्साहरु कहि छरलंङ्ग कागजको सेतो पन्नामा तितर वितर भैरहेको देखिन्छ त कहि यो जीन्दगीसंग लामबद्ध तरिकाबाट पछ्याईरहेको हुन्छ त कहि यो अदृष्य भएर मानीसको जिन्दगी संग लुकामारी खेलिरहेका हुन्छन् लडिरहेका हुन्छन् ।

हामीले देखिरहेका छौं विश्वका विभिन्न महान साहित्यकार, लेखक, कवि र विद्ववानहरु यी कलमको प्रेरणा र सहशीलतालाई अंगालेर, कयौं मानवहरु आरुनो जीन्दगीको अन्त्यस्ति पछि पनि उहाँहरुको महानता, उहाँहरुको नाउँ हरेक मानवको हरेक बोलि र उच्च विचारहरु पर्छिएर/छरेर जान सफल भएका छन् । यहि कलमको सहायताले सेक्सपियर, एन्थोन चेकोभ, मेक्सीमंम गोर्की, कार्लमार्कस, जोसेफ स्टालिएन, माओत्सेतुङ्ग, रस्कीन, रविन्स, माहात्मा गान्धी, जवाहरलाल नेरु, रविन्द्रनाथ टैगोर, बालमिकी, सिदिचरण, भानुभक्त, भोतिराम भक्त, सिदिदास, धर्मादित्य धर्माचार्य, जगत सुन्दर मल्ल, बाबुराम आचार्य, धुंस्वाँ सायमी जस्ता हजारौ मानवहरु यी कलमको साहेताले यस धर्ति, महादेश, पृथ्वीलोकमा अममर र अटल गराए । कति महान छ यो निरलज नाङ्गो कलम ।

म चाहन्छु मेरो यी कलमका धर्साहरुले पनि यसरी नै महानता बोक्न सकोस् तर सक्दीन् । अहँ म कडापि सक्दिन्...। म यसको लागि असक्षम, असामर्थ छु । म मान्छु मेरो कलमका धर्साहरुलाई मेरा यी अदृष्य समयले जवसम्म यो धर्तिमा साहस लिन अनुमति दिईन्छ तवसम्म यी कलमका धर्साहरुलाई विलिन हुन् दिन्न् तर म असामर्थ छु । म संग अमर अटलता रहने शक्ति छैन् । म चाहन्छु मेरा यी कलमहरु झैं, यो धर्तिका सम्पूर्ण मानवका कलमहरु विर्को विहिन भएर सधै सेतो पन्नामा कोरीरहुन् तल्लिन रहुन् । म चाहन्न मेरा यी कलमहरु कुनै देशबेचुवा, दलाल देशका नेताहरुको कालो कोटको खल्तिमा लजाएझैं टाउको मात्रै देखाई भित्रै झुन्दिरहन र कोच्चिरहन नपरोस् भनी.....। म चाहन्न् मेरा यी कलमहरु कुनै वकिल र न्यायधिसको निर्णयमा विवष भएर सादा कागजमा कोर्दा कोर्दै भाँचिन परोस भनी, जसले मानवलाई संघर्षशील भौतिक शरिरलाई माटोमा मिलाउँन र उसका आभाष र आत्माहरु वायुमण्डलसंग लुकामारी खेलाउँन् परोस् भनी । म चाहन्न् मेरा यी कलमहरु कुनै देश, शान्ति र जनता विनास गर्ने हतियार बनोस् भनी, म चाहन्न मेरा यी कलमहरु हाम्रो देशका नेताहरुको खल्तिहरुमा झुन्ड्याउन पनि...किनकि, म भेटाउँन सक्दिन यस देशका नेताहरुमा शान्ति, स्वाभिमान, बलिदानयुक्त भावनाहरु विचारहरु । यी गुणहरु हाम्रा देशका नेताहरुको कुहाइसकेका छन् हराई सकेका छन् । उहाँहरुको मष्टिकसले विनास बाहेक अरु केहि सृजना गर्न सक्दैनन् । किनकि, उहाँहरुको दिमागमा लोभ, लालच, धन सम्पतीले बाल्यकाल देखिनै दही जमाएर बसिसकेका छन् ।

सिर्फ म चाहन्छु, मेरा यी कलमका धर्साहरु..... प्रत्येक सृजनशील पौरखी नेपालीहरुको हातहरुमा गएर केबल शान्त नेपाल, नेपालआमा र नेपाली जन्मभूमिको लागि कोरियोस् । म भगवानसंग प्राथना गर्छु कि, म मात्रै हैन् म जस्ता हजारौ नेपाली सुपुत्रहरुको यी कलमका धर्साहरुले हरीयो पाखा पर्वतमा चैत बैशाखमा फुलेका राता-राता लालिगुँरास झै फूलेर कोईलीको झै मिठो स्वरमा, झरणा र छहराको छम.. छम.. तालमा, खोलाको कलकलाउँदो लयमा, गाउँ बेसीको नेपाली भाका, कलासंस्कृति बोकेको, नेपालको अस्तित्वलाई जिवान्त बोकेको गीत र साहित्यहरु लेख्न सकोस् । मलाई थाहा छ तिमी निरलज भए पनि तिमीमा सहनशीलता छ । तिमी बोल्दैनौ तर अरुलाई बोल्न प्रेरणा दिनुहुन्छ । तिम्रो महानता, जिउँदो शरिरका रगतलाई सुकाएर अरुलाई हँसाउँछन् रुवाउँछन् र जीन्दगीको अन्तिम घडीसम्म संघर्ष गर्न सिकाउँनुहुन्छ र प्रेरणा दिनुहुन्छ । तिम्रो रगतका थोपा थोपाहरु कसैको जीन्दगीलाई अमरत्व प्रदान गरिरहेको छ त सफलै सफलताको साँघु बनेर जीन्दगीको शुखमय क्षेणहरु जोडीदिएको हुन्छ त कसैलाई माटोमा मिलाई उसको गल्तिका आभाषहरु क्षितिजमा फैलाएको हुन्छ ।

कति महान छ यी कलम र कलमका धर्साहरुमा....... । यी कलमकै साहयताले कयौं देशद्रोहीहरु, दलालहरुलाई नङ्ग्याईसके, कयौंलाई सिमा पार गराई सके, कयौंलाई यस धर्तिबाटै उठाईसके त कयौंलाई संसारमा अमर अटल बनाईसके....। म चाहन्छु मेरा यी कलमका धर्साहरुले पनि विश्वविख्या कृतिहरु कोर्न सकोस् । मेरा कलमका रगतहरुले मेरो मातृभूमिको खेटका गरा-गराहरुमा सिचिन पाइयोस् । म चाहन्छु मेरा यी कलमका धर्साहरुले हाम्रा पूर्खा वीर गोरखालीहरुले जितेका पूर्वमा तिष्टा र पश्चिममा कांकडाका भूभागहरु नेपाल आमाको मुटुमा गाँभ्न सकुन् । मेरा यी कलमका धर्साहरु मेरो माटो, मेरो धर्ति र आमाको लागि मेची, कोशी, कर्णाली र महाकालीबाट बगीरहेका चन्चल निश्चल शान्तिप्रिय नीलो, हरीयो, रातो रगतहरुले कहिले नझुक्ने अटल, सिखरका टाकुराहरुमा अनि उच्च सगरमाथाको सेतो शान्त स्वाभिमानी हिमालका पत्र पत्रहरुमा जिउँदो निशान र बल्दो सान कोर्न सकोस् ।

कति महान छन् यी कलमका धर्साहरु...कति निश्चल पवित्र शान्त छन् यी निरलज नग्न कलमहरु नाई भन्न पनि नजान्ने, जसले चलाए पनि चल्ने । म कडर गर्छु तिम्रा यी महानतालाई, अनि आफू सुकेर आरुनो ज्यानको आहुति दिएर अरुलाई अमर, अटल रहन आरुनो बलिदान दिने यी कलमहरु मेरा देशका प्रत्येक मानवहरुले सहि र उपयुक्त ढंङ्गमा चलाउँन प्रेरणा दिलाई मेरो देश नेपाललाई यी निरलज नाङ्गो कलमका धर्साहरुले विश्वको कुना काप्चामा सधै जिवान्त राख्न सकुन भन्ने कामना गर्दछु ।